# कञ्चनपुर जिल्लाको

# आगलागी नियन्त्रण सम्बन्धी आपतकालिन कार्य योजना २०८१

<u>आ.व. २०८१/०८२</u>

जिल्ला विपद व्यवस्थापन समिति, कञ्चनपुर

२०८१ बैशाख

## १.पृष्ठभुमि

स्वच्छ वातावरण र प्राकृतिक सौन्दर्य कायम राख्नको लागि वनक्षेत्र अत्यावश्यक छ ।देशको कुल भु-भागको करिब ४५ प्रतिशत भन्दा बढी क्षेत्रफल ओगटेको वन वन्यजन्तु, कृषि, पर्यटन उद्योग, जलस्रोत र भौतिक पूर्वाधारको मेरुदण्डको रुपमा रहेको छ । वनको संरक्षण र व्यवस्थापनमा पछिल्लो समयमा वन डढेलो, अति चरिचरण, वन अतिक्रमण जस्ता विभिन्न मानव सृजित क्रियाकलापहरु ठूलो चुनौतिका रुपमा देखा पर्दै गएको अवस्था छ । विगत केही वर्ष देखि वन डढेलो एक प्रकोपको रुपमा बढ्नाले जैविक विविधताको महत्वपूर्ण स्रोतको रुपमा रहेको वन क्षेत्रलाई नोक्सानी पुग्दै गएको छ।नविकरणीय उर्जाको श्रोतको रुपमा रहेको वन क्षेत्रको विनास र क्षयीकरण हुनुमा वन डढेलो/आगलागी एक प्रमुख कारकको रुपमा रहेको पाइन्छ । हरेक वर्ष सुख्खायामको सुरुवातसंगै बढ्ने डढेलोको प्रकोपबाट ठुलो मात्रामा प्राकृतिक तथा मानवीय क्षति भइरहेको छ । वन डढेलोका कारण बढ्दै गएको सामाजिक, आर्थिक तथा वातावरणीय क्षतिलाई न्यूनीकरण गर्दै जैविक विविधता तथा नविकरणीय उर्जाको स्रोतको संरक्षण गरी जलवायु परिवर्तनमा पर्न सक्ने नकारात्मक असरलाई न्यूनिकरण गर्न राष्ट्रिय स्तरबाटै वन डढेलो नियन्त्रणका लागि सबै सरोकारवालाको प्रतिवद्धता सहित समस्या समाधानको लागि कार्यमुलक एवम नतिजामुलक प्रयासका साथै समन्वयात्मक, साझा र दीर्घकालिक अवधारणा अवलम्बन गर्नु पर्ने आवश्यकतालाई मध्यनजर गदै नेपाल सरकारले सहकार्यको माध्यमद्धारा कार्यक्रम कार्यान्वयन गरी डढेलोबाट हुने जोखिम न्यूनिकरण गर्दै नियन्त्रित आगोको प्रयोगबाट हुने लाभको विस्तार गर्न राष्ट्रिय रुपमा वन तथा जैविक विविधताको दिगो व्यवस्थापनमा टेवा पुग्ने गरी विभिन्न तहका सरोकारवालाहरुको सहभागितामा वन डढेलो व्यवस्थापन रणनिति, २०६७ तयार गरी लागु गरेको छ ।

यस जिल्लाको चुरे क्षेत्र सुख्खा, कमलो भू-बनोटको भएकोले गर्मी मौसमको शुरुवात सँगसँगै वन डढेलोको चपेटामा पर्ने गर्दछ । गोठालाहरु, वन अतिक्रमणकारीहरु, माहुरीको मह खोज्ने, चुरे क्षेत्रको वनबाट मौवाको फल संकलन गर्नेहरु लगायत विभिन्न व्यक्तिहरुले वन क्षेत्रमा लगाउने गरेको आगो तथा वनमा नयाँ पालुवा पलाउँछ भनी वन क्षेत्रमा आगो लगाई दिने गरेको कारण पटक-पटक वन डढेलो लाग्ने गरेको पाइन्छ । वन डढेलोको कारण यस जिल्लामा हाल सम्म मानवीय क्षति नभएको भएता पनि उल्लेख्य मात्रामा धनको क्षति हुनुका साथै जैविक विविधता तथा वातावरणमा नकारात्मक असर परेको देखिन्छ ।

वन डढेलोको कारण प्रत्येक वर्ष वन क्षेत्रका साथै आसपास गाउं वस्तीहरुमा जोखिमपूर्ण अवस्था सृजना भैरहेको छ । यस प्रकारको जोखिमपूर्ण अवस्थालाई न्युनिकरणका लागि डढेलोको मौसम सुरु हुनु पुर्व तयारीका लागि डिभिजन वन कार्यालय, सन्बन्धित स्थानीय तह तथा जिल्ला स्थित सरोकारवाला निकायबीचको समन्वयमा डढेलो नियन्त्रण पुर्व तयारी योजना तयार पारी विभिन्न पूर्व तयारीका क्रियाकलापहरु जस्तै प्रचारप्रसार, जनचेतना वृद्धि, ज्वलनशील पदार्थको व्यवस्थापन, अग्नि नियन्त्रण सामाग्री खरिद तथा वितरण, अग्नि रेखा निर्माण लगायतका कार्यहरु संचालन हुन अत्यावश्यक रहेको छ । यस प्रकारको पूर्व तयारीका वावजुत डढेलो लागेमा सम्पूर्ण सरोकारवाला निकायको सहभागितामा यसलाई नियन्त्रण गर्नुको विकाल्प छैन । सर्वप्रथम आमनागरिकमा डढेलो लाग्नै नदिने सकारात्मक सोचको विकास गर्न नितान्त आवश्यक छ । डढेलोबाट करोडौको वन जंगल हानी नोक्शानी हुने, मानविय क्षति हुने हुदाँ

समयमै यसलाई न्यूनिकरण गर्ने प्रयास गर्नु नितान्त आवश्यक छ । वन, वातावरण र पर्यावरणसँग सरोकार राख्ने संघ-सस्था, नागरिक समाज, सामुदायिक वनका उपभोक्ता, प्रहरी प्रशासन तथा वन कर्मचारीहरुको संयुक्त प्रयास नै वन डढेलो हुनै नदिने, भएमा तत्काले नियन्त्रणमा लिने उपयुक्त विकल्प हो । यसलाई आधार मानी वन डढेलो नियन्त्रण रणनीति, २०६७ लाई केन्द्र विन्दु मानी प्रस्तुत आगलागी नियन्त्रण सम्बन्धी आपतकालिन कार्ययोजना, २०८१ तयार गरी कार्यान्वयनमा ल्याएको हो ।

## २. कार्ययोजनाको उद्देश्य

- वन डढेलोको बारेमा आमनागरिकहरुलाई जानकारी गराउने,
- विगतका घटनाका आधारमा जिल्लाको वन डढेलोको अवस्था पहिचान गरी यस वर्षको लागि आवश्यक रणनिति अवलम्बन गर्ने,
- सम्पूर्ण सरोकारवालाको सहभागितामा डढेलो नियन्त्रण गर्ने,
- डढेलो नियन्त्रण कार्यमा खटिने वन प्राविधिक, सुरक्षा निकाय तथा उपभोक्ता लगायतको जनशक्तिहरुलाई Well Equipped बनाउने,
- सबै प्रकारका विधि र माध्यमबाट प्रभावकारी सचेतना अभिवृद्धि गर्ने,
- वन डढेलो रोकथाम र नियन्त्रणमा सवै सरोकारवालाहरुसँग समन्वय र सहकार्य राखी कार्य गर्ने,
- छलफल, अन्तरक्रियालाई विशेष महत्व दिई कार्यान्वयनमा जोड दिने,
- सामुदायिक वनका उपभोक्ताहरुलाई वन डढेलो नियन्त्रणमा क्रियाशील एवं सकृय बनाउने,
- डढेलो नियन्त्रण सम्बन्धि प्राविधिक पक्षको बारेमा सबैलाई सु-सुचित गर्ने,
- डढेलोबाट हुन सक्ने जोखिम बारे अग्रिम जानकारी लिई लागि पूर्व तयारी गर्ने ।

## ३. वन डढेलोको परिचय


सामान्यतया वनमा लाग्ने विनासकारी आगो वा वनमा लागेको आगो जव खुल्ला रुपमा स्वतन्त्र भएर अनियन्त्रित रुपले फैलिदै गई वनमा रहेका अनगिन्ती प्राकृतिक इन्धनका सामाग्री आदिलाई बाल्दै वा नष्ट गर्दै विशालरुप लिएर अगाडि बढ्छ त्यसलाई वन डढेलो भनिन्छ । यसलाई Forest Fire, wildfire, wildland fire र Bushfire भनिन्छ । नेपालको हावापानी तथा मौसम अनुसार प्रत्येक वर्षको फागुन देखि जेठ महिनाको अवधिमा धेरै मात्रामा डढेलो लाग्ने हुदाँ उक्त अवधिलाई डढेलो संकट अवधिको रुपमा लिई सोही अनुसारको कार्यक्रमहरु संचालन गर्नु पर्ने देखिन्छ । नेपालको परिवेशमा भन्नुपर्दा वन जंगल, भिरपाखा, घाँसे मैदान तथा खरबारीमा विभिन्न वहानामा जानि जानि लगाएको आगो जव फैलिएर अनियन्त्रि भई विनासकारी रुप धारण गरेको आगो वा नियन्त्रित उद्देश्यका साथ लगाइएको आगो खरवारी वा वन जंगलमा अत्याधिक ज्वलनशील पदार्थ रहेका कारण र बढी सुख्खा भएका कारण अनियन्त्रित भई डढेलो लाग्ने गरेको पाइन्छ ।

वनमा डढेलो लाग्नका लागि ३ वटा कुराहरु महत्वपूर्ण हुन्छन ति हुन प्रज्वलनशील बस्तु (Inflammable Materials), आगोको स्रोत (Source) र अक्सिजन (Oxygen) जसलाई अग्नि त्रिभुज (Combustion Tringle)


भनिन्छ । जब यी तिन चिजहरुको एकसाथ मिलन हुन्छ  तव आगो लाग्न सुरु हुन्छ भने यि ३ मध्ये १ को अनुपस्थितिमा आगो लाग्दैन । विशेष गरि प्रज्वलनशिल बस्तु र आगोको स्रोतलाई उचित व्यवस्थापन गर्न सकेमा वन डढेलोबाट सजिलै बच्न सकिन्छ ।

### ४. वन डढेलोको कारक तत्वहरु


वन डढेलो लाग्ने मुख्य कारक तत्वहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।



### ४.१ प्राकृतिक (Natural)




### ४.२ कृत्रिम (Artificial)




### ५. वन डढेलोको फाइदा

- नियन्त्रित आगोले गर्दा वनमा भएको अत्याधिक चिस्यानलाई नियन्त्रण गर्दछ ।
- नयाँ पालुवा घासहरु उम्रिन सहयोग गर्छ ।
- हानीकारक किराहरु मार्न सहयोग गर्छ ।

- विरुवालाई चाहिने आहारको निर्माण गर्छ ।
- समयमा वनका स्याउलाहरु संकलन गरेर नियन्त्रित आगो लगाउदा वन डढेलोबाट स्वतः बच्न सकिन्छ ।

६. वन डढेलोबाट हुने हानी नोक्सानी

| क्षेत्र | असर के मा |
|---|---|
| वन विनास | ✍ रुख र पुनरोत्पादनको क्षति<br>✍ वन्यजन्तु माथिको क्षति र असर<br>✍ वनको उतपादन क्षमता, रक्षात्मक क्षमता र माटोमा क्षति |
| जैविक विविधतामा ह्रास | ✍ वनस्पतिको विविधतामा ह्रास<br>✍ जीवजन्तुको विविधतामा ह्रास |
| वातावरणीय बिनास | ✍ वर्षाको अनियमितता र जलभण्डारणमा कमी<br>✍ वायुमण्डलीय पैदुषणमा बृद्धि तथा हरित गृह प्रभाव<br>✍ मौसम परिवर्तन तथा कृषि उत्पादनमा कमी ।<br>✍ मनोरन्जनात्मक मुल्यको विनास |
| सामाजिक तथा आर्थिक असर | ✍ विकास निमार्ण कार्यमा असर, बादी पहिरो<br>✍ आगोलागि र धनजनको क्षति<br>✍ वन अतिक्रमण |

७. वन डढेलोबाट बच्ने उपायहरु

क) प्रतिरोधात्मक उपायहरु

- वन व्यवस्थापन क्रियाकलापहरु संचालन गर्ने,
- अग्नि नियन्त्रण टोली र दस्ता गठन गर्ने,
- अत्याधिक गर्मीको समयमा वन पैदावार संकलनमा रोक लगाउने,
- सुख्खा समयमा (फाल्गुण देखि जेष्ठ) सम्म वन गस्तीको व्यवस्था मिलाउने,
- वनमा अग्नि रेखा निर्माण गर्ने साथै भएका अग्नि रेखाहरुको सरसफाई समेत गर्ने,
- अग्नि नियन्त्रण सामग्रीको व्यावस्था गर्ने,
- सरोकारवालासँग आवश्यक समन्वयन गर्ने,
- वनक्षेत्र भित्र विच-विचमा सदावहार प्रजातिको हरितपेटी निर्माण गर्ने,
- वन क्षेत्रभित्र रहेका पानीको मुहानहरुको संरक्षण गर्ने तथा ठाँउ ठाँमा पानी पोखरी निर्माण गर्ने,
- डढेलो संवेदनशील क्षेत्रमा जनचेतनामूलक होर्डिङ बोडहरु राख्ने, माईकिङ गर्ने, सडक नाटक गर्ने,
- विद्यालय तथा कलेजका पाठ्यक्रममा डढेलो नियन्त्रण सम्बन्धी विषयबस्तुहरु समाबेस गर्ने,
- सुख्खा समयमा वन क्षेत्रबाट ज्वलनशील वस्तु हटाउने वा नियन्त्रित डढेलो लगाउने,
- रेडियो, टि.भी, पत्रपत्रिका, सामाजिक संजाल लगायतका संचार माध्यमबाट डढेलो नियन्त्रण सम्बन्धी व्यापक प्रचारप्रसार गर्ने,

ख) नियन्त्रणात्मक उपायहरु

- तुरुन्त उपलब्ध भएका सामाग्रीको उपयोग गरेर आगो निभाउने,
- प्रतिरोधात्मक आगो लगाएर निभाउने,
- डढेलो क्षेत्रको निरीक्षण गरी ननिभेको आगो निभाउने,
- डढेलोबाट भएको क्षतिको पहिचान गर्ने,
- डढेलो सम्बन्धी सम्पुर्ण विवरणको अभिलेख गर्ने,
- सम्बन्धित स्थानमा समयमै सूचना आदान-प्रदान गर्ने,
- डढेलो पीडितका लागि उचित क्षतिपूर्तिको व्यवस्था गर्ने,
- डढेलो प्रभावित क्षेत्रको पुनरुत्थानमा विशेष पहल गर्ने,

८. वन डढेलोबाट प्रभावित हुन सक्ने कञ्चनपुर जिल्लाका संवेदनशिल क्षेत्रहरु

**क) डढेलो संभावनाको दृष्टिकोणबाट जिल्लाको अति संवेदनशील क्षेत्रहरु**

- भीमदत्त नगरपालिकाको वडा नं. १,३,७,८,९,१०, अन्तरगत रहेको चुरे क्षेत्र ।
- बेदकोट नगरपालिकाको वडा नं. ३,४,५,६,८
- कृष्णपुर नगरपालिकाको वडा १,३,४, अन्तरगत रहेको चुरे तथा भावर क्षेत्र र ५,६,७,८,९ मा लालझाडी वन क्षेत्र
- शुक्लाफाँटा नगरपालिका वडा नं. ८ अन्तरगतको चुरे तथा भावर क्षेत्र
- लालझाडी गाउँपालिका वडा नं. :- १,२,३,४,५,६ अन्तरगतको लालझाडी वन क्षेत्र,
- बेलौरी नगरपालिका . :- वडा नं. ५ ६ र ७ अन्तरगतको राष्ट्रिय वन तथा सामुदायिक वन
- पुनर्वास नगरपालिकाको वडा नं. १० र ११ अन्तरगतको वन क्षेत्र

**ख) डढेलो संभावनाको दृष्टिकोणबाट जिल्लाको संवेदनशील क्षेत्रहरु**

- बेदकोट नगरपालिका वडा नं. १,२,९,१०
- भीमदत्त नगरपालिका वडा नं. २,४,५,६,११,१२,१३,१४,१५,१६,१७,१८,१९
- कृष्णपुर नगरपालिका वडा नं.२,१०
- शुक्लाफाँटा नगरपालिका वडा नं. :- १,२,३,४,५,६,७,९,१०
- बेलडाँडी गाउँपालिका वडा नं. :- १,२
- बेलौरी नगरपालिका :-

**ग) डढेलोको संभावनाको दृष्टिकोणबाट जिल्लाको कम संवेदनशील क्षेत्रहरु**

- दोधारा चाँदनी नगरपालिका:- १,२ ३ ४ ५ ६ ७ ८ ९ १०
- पुनर्वास नगरपालिका:- १,२,३,४,५,६,७,८,९
- बेलडाँडी गाउँपालिका ३,४,५

११. विगतका कार्यहरुबाट प्राप्त सिकाईहरु

सामुदायिक वन उपभोक्ता समुहको सक्रिय सहभागिता, जिल्ला स्थित सुरक्षा निकायको नियमित एवं प्रभावकारी परिचालन, डिभिजन वन कार्यालयबाट संचालित प्रचार प्रसार तथा समुदायमा आधारित डढेलो नियन्त्रण अभियान लगायत अन्य सरोकारवाला निकायको प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोगमा वन डढेलोका कारण कञ्चनपुर जिल्लामा मानविय क्षति हुन नपाएको भएता पनि विभिन्न समयमा घर, गोठ, पशु, चौपाया

तथा वन जंगलको क्षतिमा भने पूर्ण नियन्त्रण हुन सकेको देखिदैन। विगतमा संचालित कार्यक्रमहरुबाट प्राप्त केही सिकाइहरु निम्नानुसार उल्लेख गर्न सकिन्छः-

- वन डढलो लाग्नु अगावै वन जंगल तथा वस्ती वरिपरि रहेका पातपतिंगर तथा सल्लीपिर हटाउने तथा अग्नी रेखा निर्माण गर्न डिभिजन वन कार्यालयबाट सामुदायिक वनको स्वीकृत कार्ययोजना उल्लेख भए बमोजिम अग्निरेखा निर्माण तथा सरसफाइएको लागि कार्ययोजना अनुसार गर्न निर्देशन तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।
- स्थानीय तहहरुबाट विगतमा वन डढेलो नियन्त्रणमा नियन्त्रणात्मक कार्यमा बढी सक्रियता रहेको देखिएकोमा आगामी वर्षहरुमा प्रतिरोधात्मक कार्यहरु समेत प्रथामिकताका साथ सञ्चालन गरिनुपर्ने ।
- अग्नी नियन्त्रक सामग्रीहरु प्रशस्त मात्रामा खरिद गरि स्थानीय स्तरमै उपलब्ध गराउने तथा तिनको प्रयोग गर्न सिकाउने
- सकभर जंगल क्षेत्र भित्र अन्य विकल्प नभएको खण्डमा बाहेक बाटोघाटो निर्माण कार्य तथा गोरेटोहरु प्रयोग गर्न निरुत्साहित गर्ने
- वन डढेलो नियन्त्रण गर्न खटिने कर्मचारीहरु, संलग्न व्याक्ति तथा संस्थाहरुलाई सुरक्षाको प्रत्याभुती गराउने तथा सुरक्षा सामग्री उपलब्ध गराउने र आवश्यक न्युनतम सेवा सुविधा उपलब्ध गराएर यस कार्यमा खट्न उत्प्रेरण जगाउने ।
- सामुदायिक वन उपभोक्ता समुहलाई स्वीकृत कार्ययोजना कार्यान्वयन गर्न बाध्यकारी बनाइ वन सम्वर्द्धन तथा व्यवस्थापन कार्य गर्न लगाउने ।
- समुदायस्तरमै वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी सचेतना कार्यक्रमहरु संचालन गर्ने
- बृहत रुपमा विद्यालय शिक्षा तथा युवा शिक्षा कार्यक्रमहरु संचालन गर्ने
- वन क्षेत्रमा संरक्षण पोखरी निर्माण तथा मर्मतको कार्यलाइ विस्तार गर्ने ।
- वन डढेलो नियन्त्रण गर्ने कार्यमा खटिने उत्कृष्ट सुरक्षाकर्मी कर्मचारी, सामुदायिक वन तथा अन्य संघसंस्थालाइ पुरस्कृत गर्ने तथा हौसला दिने
- जिल्लास्थित सरोकारवाला निकायहरुसँग निरन्तर समन्वय तथा छलफल गर्ने ।
- समुदायस्तरमा क्लस्टर बनाएर वन डढेलो नियन्त्रण संजाल गठन गर्ने र परिचालन गर्ने ।
- सबै सव डिभिजन वन कार्यालयहरु तथा सुरक्षा निकाय रहेका क्षेत्रमा वन डढेलो नियन्त्रण सामाग्रीको तयारी अवस्थामा राख्ने ।
- वन क्षेत्रमा रहेका प्रज्वलनशील पदार्थ व्यवस्थापन गरी प्राङ्गारिक मल उत्पादनलाई बढावा दिने ।

## १२. वन डढेलो रोकथाम तथा नियन्त्रण सम्बन्धी योजना

विगतका वर्षहरुमा संचालन गरिएका वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी क्रियाकलापहरु समीक्षा गरी हेर्दा यस वर्षका लागि प्रस्ताव गरिएका क्रियाकलापहरु निम्नानुसार छनः-

## आगलागी नियन्त्रण सम्बन्धी आपतकालिन कार्ययोजना

| सि.न. | कार्यक्रम | कहाँ गर्ने | कसले गर्ने | सहभागिता | पुष्ट्याई |
|---|---|---|---|---|---|
| १ | वन डढेलो व्यवस्थापन योजना तयारी | जिल्ला भर | डिभिजन वन कार्यालय | डि.व.कार्यालयका कर्मचारी, स्थानीय जनप्रतिनिधि, सुरक्षा निकाय र सा.व.उ.स. प्रतिनिधि | वन डढेलो व्यवस्थापन योजना वनेको हुने,<br>उक्त योजना अनुरुप कार्यक्रम कार्यान्वयन भएको हुने । |
| २ | डढेलो नियन्त्रण सम्बन्धि पूर्व तयारी गोष्ठी | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रशासन कार्यालय, डि.व.कार्यालय र स्थानिय तह | डि.व.का.,सुरक्षा निकाय, सा.व.उ.समिति, पत्रकार राजनितिक दल, रेडक्रस जनप्रतिनिधि | वन डढेलो नियन्त्रणको कार्यमा देखा परेका समस्या न्युनीकरणका नविनतम उपायहरु एकिन गरी योजनामा समाबेश गरी प्रभाकारी कार्यान्वयका विभिन्न क्षेत्रहरु समाबेश गर्ने |
| ३ | डढेलो नियन्त्रण सम्बन्धि समन्वय बैठक (जिल्ला विपद व्यवस्थापन समिति) | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, जिल्ला स्थित राजनीतिक दल सरकारी कार्यालयका प्रमुख पत्रकार,विपद् व्यवस्थापनको क्षेत्रमा क्रियाशिल गैसस, सा.व.उ.स. का प्रतिनिधि लगायत अन्य सरोकारवाला नियकाहरु | वन डढेलोको कारण तथा नियन्त्रणका उपाय सहित वन डढेलो जस्तो अपराध जन्य कार्यमा संलग्नलाई पहिचान गरी कानुनी कारवार्हीको दायरामा ल्याउन सहयोग पुग्ने |
| ४ | वन क्षेत्रमा झाडी सफाई तथा सरसफाई | जिल्ला भरी | सा.व.उ.समिति | डि.व.का. कर्मचारी, स्थानीय तहका जनप्रतिनिधि र सा.व. | प्रज्वलनशील पदार्थको व्यवस्थापन भई डढेलो |

| सि.न. | कार्यक्रम | कहाँ गर्ने | कसले गर्ने | सहभागिता | पुष्टयाई |
|---|---|---|---|---|---|
| | | | | का उपभोक्ताहरु | नियन्त्रणमा सहयोग पुग्ने |
| ५ | अग्नि नियन्त्रण सामाग्री खरिद तथा वितरण | जिल्ला भरी | जिल्ला विपद् व्यस्थापन समिति, स्थानीय तह, विपद् व्यवस्थापनको क्षेत्रमा क्रियाशिल गैससहरु | सम्बन्धित सरकारी तथा गैसस | डढेलो नियन्त्रणमा प्रभावकारी सहयोग पुग्ने । |
| ६ | अग्नि नियन्त्रण टोली गठन तथा परिचालन | जिल्ला भरी | डि.व.कार्यालय र सा.व.उ.समिति | सुरक्षा निकाय, जनप्रतिनिधि तथा डि.व.का. कर्मचारी | सवै सरोकारवाला पक्षको सहभागिताले डढेलो रोकथाममा सहयोग पुग्ने |
| ७ | सुराकी परिचालन | जिल्ला भरी | डि.व.कार्यालय र सुरक्षा निकाय | सूचना उपलब्ध गराउने श्रोत व्यक्ति | डढेलो लगाउने व्यक्तिको पहिचान गरी कानुनी कारवाहीको दायरामा ल्याउन सहयोग पुग्ने |
| ८ | अग्निरेखा निर्माण मर्मत तथा सरसफाई | प्रभावित क्षेत्र | डि.व.कार्यालय र सा.व.उ.समिति | वन प्राविधिक, उपभोक्ताहरु | डढेलो विस्तार हुनबाट रोकी क्षति न्युनिकरणमा सहयोग पुग्ने । |
| ९ | डढेलो नियन्त्रणका लागि वन क्षेत्र भित्र पानीको मुहान संरक्षण पोखरी निर्माण लयातका कार्यहरु | वन क्षेत्र | डि.व.कार्यालय, स्थानीय तह र सा.व | वन प्राविधिक जनप्रतिनिध र उपभोक्ता | डढेलो नियन्त्रणका लागि सहयोग पुग्ने |
| १० | वन डढेलो करण असर र न्यूनीकरण सम्बन्धी प्रचारप्रसार | जिल्ला भरी | स्थानीय तह डि.व.कार्यालय, सा.व.उ.समिति लगायत | संचार माध्यम सामाजिक संजाल प्रयोगकर्ता लगायत सम्पूर्ण जिल्लाबासी | जनचेतनाको वृद्धि भई डढेलो लगाउने कार्यमा हुने निरुत्साहन हुनुका साथै सम्भावित क्षतिमा |

| सि.न. | कार्यक्रम | कहाँ गर्ने | कसले गर्ने | सहभागिता | पुष्ट्याई |
|---|---|---|---|---|---|
| | | | सम्पुर्ण जिल्लाबासी | | कमी आउने |
| ११ | ज्वलनशील पदार्थ व्यवस्थापन मार्फत प्राङ्गारिक मल उत्पादन | जिल्ला भरी | डि.व.कार्यालय, स्थानीय तह र सा.व.उ.समिति | वन प्राविधिक स्थानीय तह सा.व.उ.समिति | वन क्षेत्रमा प्रज्वलनशील पदार्थको व्यवस्थापन भई डढेलोका घटनामा कमी आउने साथै प्राङ्गारिक मल उत्पादनमा वृद्धि कृषि उपजको उत्पादनमा समेत वृद्धि हुने । |
| १२ | डढेलो पिडितलाई उद्धार तथा राहत उपलब्ध गराउने | प्रभावित क्षेत्र | सुरक्षा निकाय सबै, डि.व.कार्यालय, जिल्ला विपत व्यवस्थापन समिति तथा अन्य सरोकारवाला संघ सस्था | सवै सरोकारवाला | पीडितको उद्धार भई क्षति न्युनिकरणमा सहयोग पुगेको हुने साथै तत्काल राहत उपलब्ध हुने । |
| १३ | वन डढेलो जन्य अपराध नियन्त्रण | जिल्ला भरी | डि.व.कार्यालय, सुरक्षा निकाय र सा.व.उ.समिति | सबै सरोकारवाल | डढेलो लगाउने कार्यलाई प्रसय दिने तथा निजि आवादीमा नियन्त्रण बाहिर जानेगरी आगो लगाउनेको पहिचान गरी कारवाही भइ त्यस प्रकारका घटनामा कमी आउने |
| १४ | गाँउवस्ती वरिपरी ज्वलनशील पदार्थको व्यवस्थापन | जिल्ला भरी | स्थानीय तह, सा.व.उ.समितिहरु | वन प्राविधिक सुरक्षा निकाय र उपभोक्ताहरु | डढेलोको संभावित जोखिमबाट जोगाउने साथै धनजनको क्षति हुनबाट रोक्ने । |

| सि.न. | कार्यक्रम | कहाँ गर्ने | कसले गर्ने | सहभागिता | पुष्ट्याई |
|---|---|---|---|---|---|
| १५ | जिल्ला विपद व्यवस्थापन समितिको निर्णय कार्यान्वय गर्ने । | जिल्ला भरी | विपद व्यवस्थापन समितिका सम्पूर्ण सदस्यहरु | सवै सरोकारवाला सबै । | जिल्ला विपद व्यवस्थापन समितिको निर्णय कार्यन्वयन भई वन डढेलो नियन्त्रणमा सहज हुने |
| १६ | Rapid Action Force (RAF) गठन तथा परिचालन | जिल्ला भरी | जिल्ला प्रशासन कार्यालय | नेपाली सेना जिल्ला प्रहरी तथा शसस्त्र प्रहरी | डढेलोको समयमा संभावित क्षति न्युनिकरण भएको हुने । |
| १७ | डढेलो नियन्त्रण कार्यमा खटिने कर्मचारी तथा उपभोक्ताको विमा | जिल्ला भरी | स्थानीय तह | समुदायिमा आधारित संजाल RAF टोली तथा वन प्राविधिक | डढेलोको नियन्त्रण कार्यमा खटिने व्यक्तिलाई क्षति पुगेमा उपचार खर्च उपलब्ध हुने । |

## ११. सहभागितामा आधारित कार्यक्रमहरु

### ११.१ वन डढेलो नियन्त्रण संजालको गठन तथा परिचालन

कञ्चनपुर जिल्लामा वन डढेलो कार्यलाई नियन्त्रणका लागि डढेलो संवेदनशिलता तथा औचित्यका आधारमा समुदायमा आधारित डढेलो नियन्त्रण संजाल गठन गरी वन डढेलो नियन्त्रण गर्नका लागि पृष्ठपोषण तथा प्रतिरोधात्मक उपायको खोजी गरी कार्यान्वयन गरिनेछ । उक्त संजाल प्रभावकारी बनाउन प्रत्येक सामुदायिक वन उपभोक्ता समुहले एक डढेलो नियन्त्रण टोली गठन गरी सो टोलीमा रहेका सदस्यहरुको नाम र फोन नम्बर सहितको अभिलेख सम्बन्धित सव डिभिजन वन कार्यालयमा बुझाउनु पर्नेछ । साथै सव डिभिजन वन कार्यालयहरुले आ-आफ्नो कार्यक्षेत्र भित्र गठन भएका संजालको विवरणहरु एकिकृत गरी डिभिजन वन कार्यालय तथा जिल्ला प्रशासन कार्यालयमा पेश गर्नु पर्नेछ । डिभिजन वन कार्यालय तथा संभावित सामुदायिक वनबाट रकम जम्मा भएमा उक्त रकम जिल्ला विपद् व्यवस्थापन समितिको कोषमा जम्मा गरी वन डढेलो नियन्त्रण कार्यमा खर्च गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

### ११.२ अन्य सरोकारवालाहरुको भूमिका

- वनसँग सरोकार राख्ने संघ सस्था, नागरिक समाज, कर्मचारी, स्कुलका शिक्षक तथा विधार्थीहरु विच अन्तरक्रिया छलफल गरी आगलागि नियन्त्रणमा समन्वयात्मक अवधारणालाई अपनाई कार्य गर्ने ।
- तालिम, गोष्ठी, अन्तरक्रिया आदि कार्यक्रमहरु विशेष सम्वेदनशील क्षेत्रको आसपासमा विशेष रुपमा ध्यान दिई सञ्चालन गर्ने ।
- डढेलो नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाउन जिल्लामा रहेका रेडियो, एफएमहरु लगायतका संचार माध्यमहरुसँग समन्वय गरी प्रचार प्रसार कार्यक्रमहरु सञ्चालन गर्ने ।
- वन डढेलो नियन्त्रणका लागि सरोकारवालाहरुको ठूलो भूमिका रहेकोले वन डढेलो नियन्त्रण गर्न सम्बन्धित सबै सरोकारवालाहरुलाई सक्रिय बनाई परिचालन गर्ने
- यस कार्यक्रममा जनसहभागितलाई विशेष जोड दिई सबैको समन्वय बढाई प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्ने। साथै सरोकारवाला निकायमा रहेको बजेटलाई बढी भन्दा बढी प्रभावकारी बनाई उच्च प्रतिफल आउने गरी उपयोग गर्ने ।
- वन डढेलो लगाउने कार्यमा संलग्न व्यक्तिको सम्बन्धमा सूचना उपलब्ध गराउने व्यक्ति/समुहको गोपनियता कायम गर्दै उनीहरुलाई सम्मानित गर्ने।

## १२. कार्यक्रमको औचित्य र पुष्टयाई

विगत वर्षहरुको अनुभवबाट प्राप्त सिकाईलाई विशेष ध्यान दिई प्रस्तुत कार्ययोजना तयार गरिएको छ । यस कार्ययोजनामा केन्द्रित भई आवश्यक कार्यक्रमहरु कार्यान्वयन गर्न सकिएमा वन डढेलोबाट पर्ने असरलाई उल्लेखनीय रुपमा न्युनिकरण गर्न सकिन्छ । छरिएर गरिने कार्यक्रम भन्दा योजनाबद्ध रुपमा गरिने कार्यक्रम बढी प्रभावकारी हुने हुदाँ यस कार्यक्रमलाई सफल पार्न सरोकारवाला सबै निकायको

एकीकृत प्रयास र समन्वय जरुरी हुन जान्छ। सबै जनसहभागितालाई बढी प्राथमिकता दिएको यस योजनाको कार्यान्वयनबाट डढेलो नियन्त्रणको उद्देश्य प्रभावकारी रुपमा कार्यान्वयन हुने अपेक्षा गर्न सकिन्छ ।

## १३. अनुगमन तथा निरीक्षण

वन डढेलो हुने समयमा जिल्ला विपद् व्यवस्थापन समिति, सम्पूर्ण स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, डिभिजन वन कार्यालय, सुरक्षासँग सम्बन्धित जिल्ला स्थित कार्यालय, सामुदायिक वन उपभोक्ता महासंघ जिल्ला कार्यसमिति, बैज्ञानिक वन उपभोक्ता महासंघ जिल्ला कार्यसमिति, पत्रकार महासंघ लगायत सम्पूर्ण सरोकारावाल पक्षसँग समन्वय गरी अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यहरु सञ्चालन गरिनेछ ।